# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।११।२८ गते।

# प्रेस विज्ञप्ति

**विषय: आरोपपत्र दायर गरिएको।**

जिल्ला तनहुँ, देवघाट गाउँपालिकामा कार्यरत होम बहादुर भारतीले नक्कली प्रमाणपत्र पेस गरी जागिर खाएकोले निजको छानविन होस् भन्नेसमेत व्यहोराको प्राप्त उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्रतिवादी होम बहादुर भारतीले देवघाट गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, देवघाटमा राष्ट्रसेवकको रुपमा सामाजिक परिचालक, सरसफाई सुपरीवेक्षक र उत्प्रेरक संयोजक ओहदा/पद पाउन एवं सो ओहदामा बहाल रहन र सो हैसियत, गैरकानुनी लाभ तथा सुविधा पाउने उद्देश्यले एस.एल.सी. तहको सि.नं. ०२५२४३१M वर्ष २०५५ मा प्रथम श्रेणीमा उत्तीर्ण भएको शैक्षिक योग्यताको झुट्टा/नक्कली प्रमाणपत्र पेस गरी सामाजिक परिचालक, सरसफाई सुपरीवेक्षक र उत्प्रेरक संयोजक पदहरूमा बहाल रही कार्य गरी राष्ट्रसेवकको ओहदा, हैसियत, लाभ र सुविधा प्राप्त गरेको पुष्टि भएको हुँदा निज प्रतिवादी होम बहादुर भारतीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (१) बमोजिम कैद र जरिवाना सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
सुरेश न्यौपाने